फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवालाई बढी पारदर्शी, व्यवस्थित एवं नागरिकमैत्रीका अतिरिक्त छिटो, छरितो र सूचना-प्रविधियुक्त बनाउँदै लगिएको व्यहोरा सबैलाई अवगत नै छ। मन्त्रालय र मातहतका विभाग तथा कार्यालयहरुबाट हुने सेवा-प्रवाहलाई क्रमशः Paperless, Faceless, Cashless बनाउँदै लगिएको छ। काठमाण्डौकेन्द्रित वैदेशिक रोजगारसम्बन्धी सबै प्रकारका सेवाहरु अब उप्रान्त वैदेशिक रोजगार कार्यालय, ताहाचल, काठमाण्डौका अतिरिक्त श्रम तथा रोजगार कार्यालय, विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीबाट अनलाइनमार्फत सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ। यसै सन्दर्भमा मिति २०७९/१०/०९ गतेका दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय डी.पी. अर्यालज्यूबाट धनगढी र सुर्खेतबाट समेत सेवा प्रवाह हुने गरी शुभारम्भ गर्नुभयो। यो शुभारम्भसँगै सबै श्रम तथा रोजगार कार्यालहरुबाट अनलाइनमार्फत संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति सेवा प्रवाह हुने भएकोले सोही बमोजिम सेवा लिन सरोकारवाला सबैमा अनुरोध गर्दछौं।

पुनश्चः श्रम स्वीकृतिका लागि समयमा नै अनलाइन आवेदन गर्न एवं श्रम स्वीकृति प्राप्त भएपश्चात मात्र हवाइजहाजको टिकट खरिद गर्न सरोकारवाला सबैमा अनुरोध गरिन्छ।

मिति:-२०७९ माघ ०९ गते

कविराज उप्रेती
उपसचिव/सहायक प्रवक्ता